# युनियन हाइड्रोपावर लिमिटेड
# Union Hydropower Limited

Lalitpur 3, Dhobighat, Tel : 01-5525406
E-mail : unionhppl@gmail.com ,Web : www.unionhydropower.com.np

## पन्ध्रौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/६**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको संचालक समितिको मिति २०७८/०९/०५ को निर्णय बमोजिम कम्पनीको पन्ध्रौं (आ.व.२०७७/२०७८) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रमः**

मिति : २०७८ साल पुष २७ गते (तदनुसार जनवरी ११, २०२२)
समय : बिहान ११:०० बजे ।
स्थान : ललितपुर-३, धोबिघाट स्थित कम्पनीको रजिष्टर्ड कार्यालयबाट **Virtual ( Zoom App )** मार्फत सभा संचालन गरिनेछ ।

**छलफलका विषयहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
२. लेखा परीक्षणको प्रतिवेदन सहित आ.व.२०७७/०७८ को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु माथी छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३. आ.व.२०७८/०७९ को लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
४. प्रबन्ध संचालकको नियुक्ती र पारिश्रमिक अनुमोदन सम्बन्धमा ।
५. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**अन्य जानकारीहरु :**

१. विश्वव्यापी महामारी कोभिड १९ को विभिन्न भेरियन्टहरुबाट भइरहेको संक्रमणको जोखिम अन्त्य भइनसकेको र नेपालमा समेत संक्रमणको उच्च जोखिम कायमै रहेको यस माहामारीको कारण नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण भर्चुअल माध्यमबाट उपस्थित भईदिनु हुनको निमित्त हार्दिक अनुरोध छ । भर्चुअल माध्यमबाट भएको उपस्थितिलाई अभिलेख गराउन चाहने शेयरधनीले साधारण सभा हुनु सात दिन अगावै देखी कम्पनीको कार्यालयमा उपस्थित भई कम्पनीको हाजिरी कापीमा दस्तखत अभिलेखिकरण गर्न र त्यसपछि भर्चुअल माध्यमबाट उपस्थित हुन सक्नु हुनेछ ।
२. भर्चुअल माध्यमबाट भएको शेयरधनीको उपस्थिति सभा हलमा उपस्थित भए सरह मान्यता दिइने व्यहोरा समेत जानकारी गराउँदछौं । उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्द्धिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।
३. भर्चुअल माध्यमबाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ ।
४. Meeting ID र Password को निमित्त कम्पनीको इमेलः unionhppl@gmail.com मा समयमै सम्पर्क गरी प्राप्त गर्न सकिने व्यवस्था गरिएको व्यहोरा पनि जानकारी गराउँदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीहरुको पहिचान Verification गरि ID र Password समयमै पठाउन आई पर्न सक्ने प्राविधिक कठिनाईबाट बच्न कम्तीमा एक दिन अगावै ID र Password लिन समेत अनुरोध छ ।
५. भर्चुअल माध्यमबाट आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले कम्तीमा दुई दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारिक इमेलः unionhppl@gmail.com मा सम्पर्क गरि नाम टिपोट गराउनु हुन अनुरोध छ ।
६. वार्षिक साधारण सभा गर्ने प्रयोजनको लागि कम्पनीको शेयरको दर्ता किताव (शेयर दाखिला खारेज) मिति २०७८/०९/२१ गते एक दिनका लागि बन्द रहने छ । साथै शेयरधनी दर्ता किताब बन्द हुने मिति २०७८/०९/२१ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोबारबाट कायम भएका शेयरधनीहरुले मात्र कम्पनीको साधारण सभामा भाग लिन पाउनेछन् ।
७. वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतिनिधिपत्र भरी प्रतिनिधी नियुक्त गर्नुपर्नेछ । यसरी नियुक्त प्रतिनिधिले सो प्रोक्सी काठमाण्डौ, नयाँ बानेश्वर स्थित शेयर रजिष्ट्रार लक्ष्मी क्यापिटल मार्केट लि. बाट प्रमाणित गराई सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीमा दर्ता गर्नुपर्नेछ । सो समयावधी नघाई प्राप्त हुन आएको प्रोक्सी मान्य हुनेछैन । प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।
८. एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
९. कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
१०. साधारण सभा सम्वन्धी अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ललितपुर-३, धोबीघाटमा सम्पर्क राखी लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइटः www.unionhydropower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।